


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

तीनै तहका सरकार जिम्मेवार, अन्त्य गरौं लैङ्गिक हिंसा र दुर्व्यवहार ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❑ वर्ष २२ ❑ अङ्क २०९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ साउन २७ गते बुधबार ❑ 11 Aug. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## प्रतिस्थापन विधेयकको तयारीमा छौँ : अर्थमन्त्री

**रासस**
**काठमाडौं, २६ साउन**

सरकारले देशको वर्तमान आर्थिक अवस्थाको जानकारी संसद्समक्ष प्रस्तुत गर्दै अध्यादेशबाट आएको चालु आर्थिक वर्षको बजेटलाई प्रतिस्थापन गर्ने भएको छ।

अर्थमन्त्री जनार्दन शर्माले आज प्रतिनिधिसभाको बैठकमा 'देशको वर्तमान आर्थिक अवस्थाको जानकारी' प्रस्तुत गर्दै देशको आवश्यकताअनुसार सरकारले अर्थतन्त्रको वास्तविक अवस्थाका बारेमा जानकारी दिइएको बताउनुभयो।

वर्तमान सरकारले जिम्मेवारी सम्हाल्दा देशको अर्थतन्त्रका सूचक के कस्तो अवस्थामा रहेका छन् भन्ने विषयमा तथ्याङ्कीय झलक प्रस्तुत गरिएको र यो कोही कसैप्रति परिलक्षित नभएको उहाँले उल्लेख गर्नुभयो। अर्थमन्त्री शर्माले अघिल्लो सरकारले जारी गरेको अध्यादेश बजेटलाई प्रतिस्थापन गर्न विधेयक ल्याउने जानकारी दिनुभयो । 'सत्ता सहयात्री दलहरुबीचको साझा न्यूनतम कार्यक्रम, वर्तमान सरकारको नीति र प्राथमिकता, जनचाहना तथा कोभिड-१९ महामारीको कारण सिर्जित चुनौतीसमेतको सम्बोधन हुने गरी सुधार गर्न छिट्टै नै प्रतिस्थापन विधेयक प्रस्तुत गर्नेछु', उहाँले भन्नुभयो । कोभिड-१९ महामारी नियन्त्रण नयाँ सरकारको प्राथमिक कर्तव्य भएको उल्लेख गर्दै मन्त्री शर्माले २०७८ साउन २५ गतेसम्म ४५ लाख २५ हजार ४३५ ले पहिलो र २६ लाख छ हजार ४६ ले पूणर् मात्रा खोप लगाइसकेको जानकारी दिनुभयो । साथै उहाँले हालसम्म करिब एक करोड डोज खोप नेपाल भित्रिएको तथ्याङ्क प्राप्त भएको जानकारी दिनुभयो।

मन्त्री शर्माले भूकम्पबाट प्रभावित अर्थतन्त्र विस्तारै सकारात्मक दिशातर्फ अघि बढिरहेको अवस्थामा कोभिड-१९ महामारीले पुनः शिथिल बन्न पुगेको जानकारी गराउनुभयो।

आर्थिक वृद्धि तोकिएअनुसार भएन

आव २०७३/७४ मा ८.६ प्रतिशत र २०७४/७५ मा ७.४ प्रतिशतको उच्च आर्थिक वृद्धिदर हासिल भएको पृष्ठभूमिमा अत्यन्त सुविधाजनक बहुमतमा बनेको विगतको सरकारले आव २०७५/७६ मा ८.० प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य राखेकोमा वृद्धिदर ६.४ प्रतिशतमा सीमित हुन पुगेको यर्थाथपत्रमा उल्लेख छ । आव २०७६/७७ मा ८.५ प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य राखिएकोमा २.१ प्रतिशतले ऋणात्मक हुन पुगेको तथ्य पेश गर्दै अर्थमन्त्रीले आव २०७७/७८ मा पनि अर्थतन्त्रमा उल्लेख्य सुधार हुन नसकेको र बजेटमार्फत आर्थिक वृद्धिदर सात प्रतिशत रहने अनुमान गरिएकोमा कोभिड-१९ महामारीको दोस्रो लहरले अर्थतन्त्रमा गम्भीर प्रभाव पारेका कारण उक्त वृद्धिदर हासिल नहुने अवस्था देखिएको बताउनुभयो।

आव २०७३/७४ को कूल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २६.८ प्रतिशत, उद्योग क्षेत्रका १४.६ प्रतिशत र सेवा क्षेत्रको योगदान ५८.६ प्रतिशत रहेकोमा आव २०७७/७८ मा उक्त क्षेत्रहरुको योगदान क्रमशः २५.८ प्रतिशत, १३.१ प्रतिशत र ६१.१ प्रतिशत रहने अनुमान गरिएको छ । यसबाट अर्थतन्त्रको संरचनामा उल्लेखनीय परिवर्तन आएको देखिँदैन । आर्थिक समृद्धिको प्रमुख आधारको रुपमा रहेको औद्योगिक क्षेत्रको योगदान कूल गार्हस्थ्य उत्पादनमा न्यून रहनु र त्यसमा पनि उत्पादनमूलक उद्योगको योगदान हाल ५.१ प्रतिशत मात्र हुनुले अर्थतन्त्रको आधार कमजोर रहेको छ । उत्पादनशील क्षेत्रमा आन्तरिक तथा बाह्य लगानीको अपर्याप्तता, उत्पादनमुखीभन्दा व्यापार केन्द्रित लगानी, उच्च उत्पादन लागत, सरकारको पूँजीगत खर्च गर्ने क्षमतामा कमी, आर्थिक वृद्धि र रोजगारी सिर्जनाबीचको कमजोर सम्बन्ध, आर्थिक वृद्धिको लाभका असमान वितरण, अर्थतन्त्रमा अनौपचारिक क्षेत्रको हिस्सा नघट्नुजस्ता समस्या अर्थतन्त्रमा लामो समयदेखि रहँदै आएको उल्लेख गरिएको छ।

मुद्रास्फीति बढ्ने जोखिम

पछिल्ला वर्षहरुमा उपभोग्य वस्तु तथा सेवाको मुद्रास्फीति दर वाञ्छित सीमाभित्रै रहँदै आएको बताइएको छ। विगत तीन आवमा औसत उपभोक्ता मुद्रास्फीति पाँच प्रतिशतको रहेकोमा आव २०७७/७८ को एघार महिनामा औसत उपभोक्ता मुद्रास्फीति ३.६ प्रतिशत रहेको भए पनि पछिल्लो समयमा आर्थिक गतिविधिमा हुँदै गरेको विस्तार तथा अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धिका कारण नेपालको समग्र मुद्रास्फीति बढ्ने जोखिम देखिएको छ । आव २०७३/७४ को कूल गार्हस्थ्य उत्पादनमा उपभोगको अनुपात ८७ प्रतिशत रहेकोमा आव २०७७/७८ उक्त अनुपात ९३.४ प्रतिशत रहने अनुमान छ।

यसैगरी आव २०७३/७४ को कूल गार्हस्थ्य उत्पादनमा बचतको अनुपात १३ प्रतिशत रहेकोमा आव २०७७/७८ मा उक्त अनुपात ६.६ प्रतिशत रहने अनुमान छ । साथै, आव २०७३/७४ को कूल गार्हस्थ्य उत्पादनमा राष्ट्रिय बचतको अनुपात ४१.७ प्रतिशत रहेकोमा आव २०७७/७८ उक्त अनुपात ३१.४ प्रतिशत रहने अनुमान छ । यसले अर्थतन्त्रमा बचतको अंश अपेक्षाकृतरुपले वृद्धि हुन नसकी पूँजी निर्माण सुस्त भएको थथार्थपत्रमा समेटिएको छ । यस्तै आव २०७३/७४ मा कूल गार्हस्थ्य उत्पादनमा कूल स्थिर पूँजी निर्माणको अनुपातमा ३०.६ प्रतिशत रहेकोमा आव २०७७/७८ मा उक्त अनुपात २७.३ प्रतिशत रहने अनुमान छ।

त्यसैगरी, आव २०७३/७४ मा कूल स्थिर पूँजी निर्माणमा सरकारी क्षेत्रको अनुपात ७.९ प्रतिशत रहेकोमा

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## पोखराका खोप केन्द्रमा मुख्यमन्त्रीको अनुमगन

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ साउन**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले मंगलबार पोखराका खोप केन्द्रहरुमा अनुगमन गरेका छन् । कोरोना विरुद्धको खोप सञ्चालन भइरहेका केन्द्रमा भीडभाड बढेको, घन्टौंसम्म लाइनमा बस्नु परेको लगायत गुनासा आएपछि मुख्यमन्त्री पोखरेलले आकस्मिकरुपमा अनुगमन गरेका हुन् ।

मुख्यमन्त्री पोखरेलले पोखराको वडा नम्बर ७ को रत्नचोकस्थित खोपकेन्द्र, वडा नम्बर ८ को सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र र वडा नम्बर १ को खोप केन्द्रमा निरीक्षण गरी त्यहाँको वस्तुस्थितिका बारेमा जानकारी लिएका छन् । मुख्यमन्त्री पोखरेलले लाइनमा बसेका सेवाग्राही, खोप लगाइसकेका व्यक्ति र खोप लगाउने काममा संलग्न स्वास्थ्यकर्मीसँग कुराकानी गरे । अनुगमनपछि मुख्यमन्त्री पोखरेलले भीड नियन्त्रणका लागि खोप केन्द्र बढाउन र लाइन व्यवस्थित गर्न तत्काल प्रहरी संख्या बढाउन प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतम र कास्की प्रहरी प्रमुख प्रहरी उपरीक्षक रमेश थापालाई निर्देशन दिए । खोप ढुवानीमा समस्या भएको भन्ने गुनासो आएकामा मुख्यमन्त्री पोखरेलले स्थानीयस्तरमा गाडीको प्रबन्ध गरेर पनि केन्द्रसम्म खोप ल्याउन सकिने बताए । संघ र प्रदेश सरकारले खोप अभियानलाई प्राथमिकतामा राखेको भन्दै अब विस्तारै सबै उमेर समूहकालाई पुग्ने गरी आउने भएकाले भीडभाड नगरीदिन उनले आम नागरिकसमक्ष अनुरोध गरेका छन् । उनले भने, 'उमेर समूह अनुसार हामीले खोप वितरण गरेका छौं, बाँकी रहेको केही खोप प्राथमिकताकै आधारमा उपलब्ध गराएका छौं, हतार नगरिदिनुहोला, प्रदेशवासीलाई खोप दिलाउने जिम्मा प्रदेश सरकारको हो ।' खोप समयमा नआएको, लामो समयसम्म लाइनमा बस्दा पनि खोप नपाइएको, खोप बोक्ने गाडी पर्याप्त नहुँदा धेरै बेरसम्म कुर्नु परेको गुनासो सेवाग्राहीको थियो ।

वडा कार्यालयहरुले चेकलिस्ट बनाएर त्यसैका आधारमा नाम टाँसिदिएमा भीडभाड कम हुने सुझाव सर्बसाधारणलले दिएका छन् । खोप केन्द्रहरुमा पुऱ्याइएका खोप कार्ड हराएको र कतिपयले त ती कार्डमा आफैले भरेर दोस्रो डोज भन्दै पहिलो डोज लगाउन लाइनमा बसेको गुनासो समेत गरेका थिए । यसबारेमा तत्काल आवश्यक छानबिन गरी खोप र कार्ड अनियमित गर्नेलाई कारवाहीको दायरमा ल्याउन मुख्यमन्त्री पोखरेलले स्वास्थ्य सचिव विनोदविन्दु शर्मा र प्रमुख



जिल्ला अधिकारी थानेश्वर गौतमलाई निर्देशन दिएका छन् । उनले जनप्रतिधि अझै जिम्मेबार काम गर्न आग्रह गर्दै स्वास्थ्यकर्मी र स्वयंसेवीको खटाइका कारण कोरोना विरुद्धको लडाइँमा यो अहिलेसम्मको सफलता मिलेको भन्दै हौसला प्रदान गरे । अनुगमनमा शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्री मेखलाल श्रेष्ठ, मुख्यमन्त्रीका राजनीतिक सल्लाहकार खड्गबहादुर कमाल, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव विनोदविन्दु शर्मा, प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतम, जिल्ला प्रहरी कार्यालय कास्की प्रमुख एसपी रमेश थापा, जिल्ला स्वास्थ्य कार्यालय र महानगर स्वास्थ्य महाशाखा प्रमुख सहभागी थिए ।

स्वास्थ्य सचिव शर्माले सोमबार सुरु भएको यो चरणको खोप अभियान मंगलबार सकिने र त्यसपछि कोभिसिल्डको दोस्रो डोज लगाउन थालिने बताए । दोस्रो डोजको कोभिल्डि १ लाख ५० हजार चाहिनेमा प्रदेशमा १ लाख ४७ हजार डोज आएको छ । उद्योगी व्यवसायी लगायत विभिन्न उमेर समूहका लागि प्राथमिकता अनुसार खोप उपलब्ध गराउन लागिएको सचिव शर्माले बताए । खोप केन्द्रहरुमा खोप ढुवानीका लागि स्वास्थ्य कार्यालयसँग पर्याप्त गाडी नभएकाले समस्या भएको भन्दै सचिव शर्माले स्थानीय समाजसेवीले यसमा सहयोग गरेको भन्दै धन्यवाद दिए । वडा कार्यालय र अन्य ठाउँमा सञ्चालन गर्दा साँघुर हुने र भीडभाड बढ्ने भएकाले सरकारी विद्यालयहरुमा खोप केन्द्र सञ्चालन गर्न लागिएको प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतमले बताए ।

## चार हजार ९०४ संक्रमित, ३५ जनाको मृत्यु

**रासस**
**काठमाडौं, २६ साउन**

नेपालमा पछिल्लो २४ घण्टामा चार हजार ९०४ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार १९ हजार १२३ मा नमूना परीक्षण गर्दा उक्त सङ्ख्यामा सङ्क्रमण देखिएको हो । तीमध्ये १३ हजार १२७ को पिसिआर परीक्षण गर्दा तीन हजार १९४ र पाँच हजार ९०५ को एन्टिजेन परीक्षण गर्दा एक हजार ७१० जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ।

त्यस्तै पछिल्लो २४ घण्टामा थप दुई हजार ११५ जना सङ्क्रमणमुक्त भएका छन् । हालसम्म नेपालमा सङ्क्रमणमुक्त हुनेको सङ्ख्या छ लाख ७३ हजार १९८ पुगेका छन् । नेपालमा सङ्क्रमणमुक्त हुने दर ९३.४ प्रतिशत छ । यस्तै पछिल्लो २४ घण्टामा ३५ जनाको निधन भएको छ । योसँगै हालसम्म नेपालमा कोरोना भाइरस सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या दश हजार १५० पुगेको छ । मन्त्रालयका अनुसार देशभर सक्रिय सङ्क्रमितको सङ्ख्या ३७ हजार ३३२ जना रहेका छन् । त्यस्तै ३३ हजार ९८५ जना होम आइसोलेसनमा, तीन हजार ३४७ संस्थागत आइसोलेसनमा र ३८१ जना क्वारेन्टिनमा रहेका छन् । कोरोना सङ्क्रमितमध्ये ७६१ जना सघन उपचार कक्ष (आइसियु)मा उपचार भइरहेको छ भने १७६ जना भेन्टिलेटरमा राखी उपचार गराइरहेको मन्त्रालयले जनाएको छ।

## जनताको भावनाअनुसार सरकारले काम गरोस् : ओली

**रासस**
**काठमाडौं, २६ साउन**

नेकपा (एमाले) का अध्यक्ष तथा प्रतिपक्षी दलका नेता केपी शर्मा ओलीले सरकारले जनताको भावनाअनुसार काम गरोस् भन्ने आफ्नो सदिच्छा रहेको बताउनुभएको छ।

अघिल्लो सरकारले अघि बढाएका कार्यक्रमलाई निरन्तरता दिनुपर्नेमा जोड दिँदै उहाँले खराब नियत राखेर कतिपय कार्यक्रम अघि बढाउन नचाहेपछि बाध्यताले केही कार्यक्रमलाई निरन्तरता दिन आनाकानी गरिएको गुनासो गर्नुभयो। प्रतिनिधिसभाको आजको बैठकमा विशेष समय मागेर बोल्दै अध्यक्ष ओलीले नीति, कार्ययोजना, लक्ष्य र त्यहीअनुसारकै व्यवहार र प्रयास आफ्नो नेतृत्वको सरकारले गरेको जिकिर गर्नुभयो । उहाँले समृद्ध नेपालको राष्ट्रिय आकांक्षा प्राप्त गर्न आफ्नो पार्टीले उदार र फराकिलो भावनाका साथ चुनावी तालमेल र पार्टी एकीकरण गरेको जानकारी दिनुभयो। उहाँले विगतमा प्रतिपक्षसँग पनि संवाद सहमतिको सम्मानपूर्ण अभ्यास गरिएको जिकिर गर्नुभयो । त्यो बेला सहकार्य गरेर अघि बढ्ने नीति पनि लिइएको उहाँले जानकारी गराउनुभयो । कुनै नीति कार्यक्रम लिएर जनताबाट होइन अनुचित अभ्यासबाट दलभित्रका असन्तुष्टि, व्यक्तिका महत्वाकांक्षा, अहम, कुण्ठा र महत्वकांक्षा परि पूर्ति नहुँदा त्यसले सिर्जना गरेको विकृति क्रियाकलापबाट सरकार परिवर्तन हुने स्थिति बनेको ओलीले बताउनुभयो। विगतमा गलत कुरासँग कुनै सम्झौता नगर्दा कतिपयको अपेक्षा पूरा नभएको तथा 'म भ्रष्टाचार गर्दिनँ र अरुलाई पनि भ्रष्टाचार गर्न दिन्नँ' भन्दा कतिलाई धक्का पुगेको र त्यही कारण आफ्नै पार्टीभित्र पनि धक्का पुगेको उहाँले बताउनुभयो।

नेता ओलीले आफू देश र जनताको सेवाको निम्ति जन्मिएको तर प्रधानमन्त्री हुन नजन्मिएको जिकिर गर्नुभयो । काम गर्दै जाँदा प्रधानमन्त्री भएको र अब पनि जनताको जनमतमार्फत मूल ढोकाबाटै सरकारमा सहभागी हुने उहाँको भनाइ थियो।

उहाँले महत्वकांक्षा, स्वार्थ, असफलताबाट उछिट्टिएर र परमादेशबाट पनि आफू प्रधानमन्त्री नभएको बताउनुभयो । उहाँले आफूमाथि विश्वास गरेर सुम्पिएको जिम्मेवारी अपवित्र, असंवैधानिक गठबन्धनबाट खोसिएको र त्यस्तो राजनीतिमा कहिलेकाहीँ हुने पनि बताउनुभयो । उहाँले अदालतको निर्णयमाथि बहस हुँदै जाने विश्वास व्यक्त गर्दै प्रधानमन्त्रीबाट हट्नुपरेकोमा चिन्ता छैन भन्नुभयो। "अदालत जस्तो सबैले विश्वास गर्ने जनताको भरोसाको संस्था असन्तुलित नहोस् भन्नेमा मात्रै मेरो चिन्ता हो, लोकतान्त्रिक प्रणालीका संस्था आ-आफ्नो मर्यादामा बसेर काम गरोस् भन्नेमा मात्रै मलाई चिन्ता छ", उहाँले भन्नुभयो । उहाँले अहिले राष्ट्रिय उद्देश्यमा केन्द्रित भएको सरकारको आवश्यकता औँल्याउनुभयो। अघिल्लो सरकारले धेरै राम्रो काम गरेको तथा छिमेकीसँग सन्तुलित व्यवहार गरिएको र राष्ट्रिय सम्मानलाई झुक्न नदिएको उहाँको जिकिर थियो । अहिले सत्ता र प्रतिपक्ष संवादहीन अवस्थामा पुगेको उहाँले बताउनुभयो। कतिपय कामलाई अहिलेको सरकारले नचाहेर पनि निरन्तरता दिएको उहाँले बताउनुभयो।

संयुक्त सरकारको साझा न्यूनतम कार्यक्रमको सन्दर्भमा अध्यक्ष ओलीले संसद् छलेर उक्त कार्यक्रम किन आयो भनी प्रतिप्रश्न गर्नुभयो । अमेरिकाको मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी) को बारेमा नेपाली जनताले जान्न चाहेको उल्लेख गर्दै अध्यक्ष ओलीले भन्नुभयो, "प्रधानमन्त्रीज्यू एमससिसीको बारेमा के गर्नुहुन्छ रु लिम्पियाधुरा, लिपुलेक, कालापानी वार्ताद्वारा फिर्ता ल्याउँछु भनेर किन भन्न सक्नुभएन ?" अध्यक्ष ओलीले द्वन्द्वपीडितलाई न्याय दिन पनि आग्रह गर्नुभयो।



# बन्द प्रशिक्षणका लागि राष्ट्रिय फुटबल टोली पोखरामा



**पोखरापत्र संवाददाता**
**पोखरा, २६ साउन**

नेपाली राष्ट्रिय पुरुष फुटबल टोली बन्द प्रशिक्षणका लागि पोखरा आएको छ।

राष्ट्रिय टोलीका खेलाडी तथा अफिसियलसहितको टोली आज साँझ हवाईमार्गबाट पोखरा आएको हो। भोलिदेखि दुई साता पोखराको अन्तर्राष्ट्रिय फुटबल रङ्गशालामा बन्द प्रशिक्षण सञ्चालन हुनेछ। नेपाली टोली दक्षिण एशियाली फुटबलको सर्वोच्च प्रतियोगिता साफ च्याम्पियनसीपको तयारीमा छ। आगामी अक्टोबर १ देखि १३ तारिखसम्म माल्दिभ्समा सो प्रतियोगिता हुने तय भएको छ। टोलीलाई पोखरा विमानस्थलमा जिल्ला खेलकुद विकास समितिका अध्यक्ष तोरणबहादुर बानियाँ, जिल्ला फुटबल सङ्घका अध्यक्ष मिलन गुरुङलगायतले स्वागत गर्नुभएको थियो। राष्ट्रिय टोलीको बन्द प्रशिक्षणमा ३७ खेलाडीको सहभागिता रहने छन्। टोलीको प्रशिक्षणलाई लक्ष्य गरी कास्की जिल्ला फुटबल सङ्घले रङ्गशालामा आवश्यक सबै तयारी पूरा गरिएको छ। फुटबल रङ्गशालामा दुवो कटान, मैदान मार्किङलगायतका काम सम्पन्न गरिएको जिल्ला फुटबल सङ्घका अध्यक्ष गुरुङले जानकारी दिनुभयो। टोलीका प्रमुख प्रशिक्षक अब्दुल्लाह अलमुताइरीलगायतका अन्य प्रशिक्षकले प्रशिक्षण गराउनुहुनेछ। राजधानी बाहिर पर्यटकीय शहर पोखरामा सञ्चालन हुने प्रशिक्षणले खेलाडीलाई शारीरिक र मानसिकरुपमा तयार बन्न र उच्चस्तरको खेल प्रतिभा देखाउन सक्षम बनाउने विश्वास लिइएको छ। टोलीले पोखरामा अन्तर्राष्ट्रिय फुटबल रङ्गशालासहित नेपाली सेनाको विजयपुर ब्यारेक, सशस्त्र प्रहरीको खेल मैदान र सहारा एकेडेमीको मैदानमा अभ्यास गर्नेछ।

यसअघि गत वर्ष माघमा तीन साता राष्ट्रिय टोलीको पोखरामा बन्द प्रशिक्षण सञ्चालन भएको थियो। सन् २०२२ मा कतारमा हुने विश्वकप फुटबल तथा चीनमा सन् २०२३ मा हुने एशियन कपको छनोट चरणको प्रतियोगिता अघि टोली पोखरा आएको थियो।

# मनाङमा बाढीपहिराको क्षतिसम्बन्धी प्रतिवेदन

**पोखरापत्र संवाददाता**
**मनाङ, २६ साउन**

मनसुन शुरुवात हुनु अगावैदेखि आएको बाढीपहिराले हिमाली जिल्ला मनाङ सडक सञ्जालबाट विच्छेद भएको छ। मनाङका शाखा तथा मुख्य सडक बाढीपहिराले क्षतविक्षत भएपछि स्थलमार्ग अवरुद्ध भएको छ। सडकसँगै जिल्लाका पुलसमेत बाढीले बगाएको छ।

मनाङ जिल्लाकै 'लाइफ लाइन'का रुपमा रहेको लमजुङ बेँसीशहर-चामे जोड्ने मुख्य सडक तथा सदरमुकाम चामेदेखि उपल्लो मनाङ खाङ्सार जोड्ने सडकका ठाउँठाउँमा क्षति पुगेको छ। तत्काल सडक मर्मत गरेर खुलाउन नसकिए केही समयमा नै जिल्लामा खाद्य सङ्कट व्यहोर्नुपर्ने देखिएको छ।

प्रमुख जिल्ला अधिकारी विष्णु लामिछानेको संयोजकत्वमा गठित समितिले असार २५ र २६ गते नासों गाउँपालिका र २९ गते मनाङ डिस्याङ गाउँपालिकाका क्षतिग्रस्त क्षेत्रको स्थलगत निरीक्षण गरी अध्ययन प्रतिवेदन तयार पारेको हो। अध्ययन टोलीले उक्त प्रतिवेदन गृह सचिवलाई बुझाएको छ। प्रतिवेदनमा बाढीपहिराले जिल्लामा पुऱ्याएको क्षति र वर्तमान अवस्थाका बारेमा तथ्याङ्कसहित प्रस्तुत गरिएको छ। प्रतिवेदनले जिल्लाको नासों, चामे र डिस्याङ गाउँपालिकाका विभिन्न बस्ती, विद्यालय र सरकारी कार्यालयका भौतिक संरचनामा पुऱ्याएको क्षतिको तथ्याङ्क उल्लेख गरेको छ। प्रतिवेदनअनुसार बाढीपहिराले जिल्लाका १७ पक्की तथा झोलुङ्गे पुलमा क्षति पुगेको र ६ वटा पुल पुनःनिर्माण गरेर मात्र सञ्चालनमा ल्याउन सकिने छ।

नासों गाउँपाकिलामा मात्रै ११ पुल छन्। तीमध्येका चार र चामेका दुई पुल सामान्य मर्मतपछि सञ्चालन गर्न सकिन्छ। नासों गाउँपालिकामा सबैभन्दा बढी पुलमा क्षति पुगेको छ। त्यस्तै चामे गाउँपालिकाका पाँच पुलमा क्षति पुगेको छ। तीमध्ये चार वटै पुनःनिर्माण गर्नुपर्छ। डिस्याङ गाउँपालिकाको एक पुल मर्मत गरी सञ्चालन गर्न सकिने जनाइएको छ। बाढीपहिराले क्षतिग्रस्त झोलुङ्गे पुललाई तत्काल आवश्यकताअनुसार मर्मत र पुनःनिर्माण गर्नसमेत अध्ययन टोलीले सुझाव दिएको छ। "झोलुङ्गे पुलको पुनःनिर्माण र मर्मतका लागि सस्पेन्सन ब्रिज डिभिजन पुल्चोक ललितपुर, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय गण्डकी प्रदेशसँग समन्वय गरी यथाशीघ्र पुनःनिर्माण एवं मर्मतकार्य अगाडि बढाउनुपर्ने देखिन्छ," प्रतिवेदनमा भनिएको छ। नेपाली सेनाले यसै विषयमा गरेको अध्ययन भने सार्वजनिक गरिएको छैन। "हामीले स्थलगत अध्ययन गरेको प्रतिवदेन गृह सचिवलाई बुझायौं, त्यसपछि गृहमन्त्रालयबाट पनि स्थलगत अध्ययनका लागि नेपाली सेनाको नेतृत्वमा टोली आउनुभएको थियो, प्रजिअ लामिछानेले भन्नुभयो, "गृहको अध्ययन प्रतिवेदन सार्वजनिक गरिएको छैन, उहाँहरुको अध्ययनले के भन्छ त्यसपछि योजना बनाउन सहज हुनेछ।" गत शनिबार मात्रै ऊर्जा, सिँचाइ तथा जलस्रोत मन्त्री पम्फा भुसाललगायतको टोलीले बाढीपहिराले क्षतिग्रस्त स्थानको स्थलगत निरीक्षण गरेको छ। जेठको १४ र असार १ को बाढीपहिराले जिल्लामा ठूलो क्षति भएको छ। असार लाग्नासाथ मर्स्याङ्दी नदीमा आएको बाढीले सबैभन्दा बढी नासों गाउँपालिका-तालगाउँमा क्षति पुगेको छ। तालगाउँ अहिले पनि बगर र केही ठाउँमा पानी छ। बाढीपहिराको जोखिम कम नहुँदासम्म यहाँ पुनः बस्ती बसाल्न सकिने स्थिति नरहेको प्रमुख जिल्ला अधिकारी लामिछानेले बताउनुभयो।

"जोखिम बढी भएकाले बस्ती नै स्थानान्तरण गर्ने विषयमा छलफल चलिरहेको छ तर गृहमन्त्रालयको सुझाव पर्खाइमा छौं," उहाँले भन्नुभयो। मनाङलाई बाह्य जिल्लासँग जोड्ने सडक सञ्जाल चामे-बेँसीशहर सडकखण्डको ८० प्रतिशत भाग पहिरोले क्षति पुऱ्याएको प्रतिवेदनमा उल्लेख छ। सदरमुकाम चामे जोड्ने स्टिल र झोलुङ्गे पुल दुबै किनारामा क्षति पुऱ्याएको छ। नासों गाउँपालिकाका विभिन्न जलविद्युत् आयोजनामा बाढीपहिराले क्षति पुऱ्याएको प्रतिवेदनमा उल्लेख छ। विद्युत् विस्तारका लागि गाडिएका अधिकांश पोल सडकसँगै बाढीले बगाउँदा केन्द्रीय प्रशारण लाइनसमेत आपूर्ति हुन सकेको छैन।

# प्रतिस्थापन...

आव २०७७/७८ मा उक्त अनुपात ४.९ प्रतिशत रहने अनुमान छ।

पूँजीगत खर्च बढ्न सकेन

यर्थाथपत्रमा चालु खर्चको तुलनामा पूँजीगत खर्च बढ्न नसकेको स्वीकार गरिएको छ। आव २०७४/७५ मा सङ्घीय सरकारको कूल खर्च रु १० खर्ब ८७ अर्ब हुँदा पूँजीगत खर्च २४.९ प्रतिशत भएकोमा आव २०७७/७८ मा सङ्घीय सरकारको कूल खर्च रु ११ खर्ब ८० अर्ब हुँदा पूँजीगत खर्च १९.३५ प्रतिशतमा सीमित हुन पुगेको उल्लेख छ। त्यसैगरी, आव २०७४/७५ को कूल खर्चमा चालु खर्चको अनुपात ६४.१ प्रतिशत रहेकोमा आव २०७७/७८ मा उक्त खर्च ७२.१ प्रतिशत पुगेको छ।

आव २०७३/७४ मा पूँजीगत खर्चतर्फ विनियोजित रकमको ६६.९ प्रतिशत प्रगति हासिल भएकोमा आव २०७५/७६ मा उक्त खर्च ७६.९ प्रतिशत हासिल भएको थियो। आव २०७६/७७ मा पूँजीगत खर्चको प्रगति घटेर ४६.३ प्रतिशतमा सीमित रहेको थियो। आव २०७७/७८ मा पूँजीगत खर्चका लागि विनियोजित रकमको ६४.७ प्रतिशत मात्र खर्च भएको छ।

यस्तै बजेट कार्यान्वयन क्षमतासँग मेल नखाने गरी प्रचारात्मक ढङ्गले बजेटको आकार वृद्धि हुँदै आएको सरकारले बताएको छ। आवको अन्तिम महिनामा उल्लेख्य खर्च हुने गरेबाट वित्तीय अनुशासन कायम रहन नसकेको तथा बजेटको प्राथमिकता र कार्ययोजनाअनुरुप खर्च हुन नसकेको मन्त्रालयको ठहर छ। आव २०७३/७४ मा कूल खर्चको २७.७४ प्रतिशत रकम असार महिनामा खर्च भएकोमा आव २०७७/७८ को असार महिनामा त्यस्तो खर्च २२.२३ प्रतिशत रहेको उल्लेख छ। विगत पाँच आर्थिक वर्षको तथ्याङ्क हेर्दा असार महिनामा भएको औसत खर्च कूल खर्चको २३.१० प्रतिशत छ।

विनियोजित बजेट खर्च हुन नसकी अपेक्षित उपलब्धि हासिल नभइरहेको अवस्थामा बर्सेनि बजेटभन्दा बाहिर गएर स्रोत सुनिश्चिततामा सहमति दिइएको छ। सडक पूर्वाधारतर्फ झण्डै रु तीन खर्ब र रेल पूर्वाधारतर्फ रु ५७ अर्बको विनियोजन बाहिरको स्रोत सुनिश्चितताको दायित्व छ। यस्तै विगतको सरकारले कोषको अवस्थामा ध्यान नदिई बजेट निर्माण गर्ने गरेका कारण बजेटप्रतिको विश्वसनियतामा ह्रास आएको यर्थाथपत्रमा समावेश छ।

विसं २०७४ चैतमा तत्कालीन सरकारले जारी गरेको श्वेतपत्रमा सो आवको अन्त्यमा रु ४८ अर्बले सञ्चित घाटामा कोष रहेको उल्लेख छ तर त्यसमा सुधार आउनुको सट्टा यस्तो घाटा आव २०७६/७७ मा रु दुई खर्ब १६ अर्ब पुगेको थियो। यसरी हेर्दा आव २०७७/७८ को अन्त्यमा कोष रु एक खर्ब ४३ अर्बले घाटामा रहने देखिएको छ।

# राति ८ बजेभित्र गन्तव्यमा पुगी सक्नुपर्ने गरी उपत्यकामा निषेधाज्ञा थप

**रासस**
**काठमाडौं, २६ साउन**

कोभिड-१९ को सङ्क्रमण वृद्धिसँगै काठमाडौं उपत्यकामा निषेधाज्ञामा कडाइ गर्न थालिएको छ।

अघिल्लो हप्ता सेमिनार, गोष्ठी, बैठक भर्चुअलरूपमा मात्रै गर्ने निर्णय गरेको स्थानीय प्रशासनले यसपालि राति ८ बजेबाट सार्वजनिक तथा निजी सवारी साधन गन्तव्यमा पुगी सक्नुपर्ने (८ बजेपछि सवारी सञ्चालन गर्न नपाइने) निर्णय थप गरेको छ। यद्यपि अत्यावश्यक सवारी साधन भने सञ्चालन गर्न पाइने छ।

बैठकले गरेको निर्णय यही साउन २८ गते बिहान १ बजेबाट भदौ ८ गते राति १२ बजेसम्म लागू हुनेछ। यसअघि गोष्ठी, तालिम, सेमिनार, बैठक तथा प्रशिक्षणजस्ता कार्यक्रम उपस्थित भएरै गर्नुपर्ने भएमा २५ जनाभन्दा बढी नहुने गरी सञ्चालन गर्न अनुमति दिइएको थियो भने रातिको समयमा पनि सवारी साधन सञ्चालन गर्न अनुमति दिइएको थियो।

अन्य गतिविधिका सन्दर्भमा भने विगतमा लागू भएको आदेशलाई यथावत राखिएको छ। कोभिड-१९ का बिरामीको सङ्ख्या वृद्धि हुन थालेकाले केही कडाइ गरिएको ललितपुरका प्रमुख जिल्ला अधिकारी ढुण्डीप्रसाद निरौलले जानकारी दिनुभयो। "राति बीच बाटोमा अलमल गर्ने अवस्था देखियो, त्यसले भीडभाड बढेको पाइयो, त्यसलाई रोक्न ८ बजेभित्र नै गन्तव्यमा पुगी सक्नुपर्ने गरी निर्णय गरिएको हो", उहाँले भन्नुभयो।

आदेशमा कोभिड-१९ को लक्षण देखिएका तथा सङ्क्रमितको सम्पर्कमा रहेका व्यक्तिलाई नेपाल सरकारले निःशुल्क व्यवस्था गरेको एन्टिजेन तथा पिसिआर परीक्षणका लागि सम्बन्धित स्थानीय तह, जिल्ला अस्पतालसँग सम्पर्क गरी परीक्षण गराउन र भीडभाडबाट बच्न अनुरोध गरिएको छ। स्वास्थ्यको मापदण्ड पूर्ण पालना गर्न पनि भनिएको छ।

सबै प्रकारका सभा, सम्मेलन, पार्टी प्यालेस, सिनेमा हल, डान्सबार, नाचघर, स्वीमिङ पुल, मनोरञ्जनस्थल, सङ्ग्रहालय, रङ्गशालामा हुने दर्शकसहितका खेलकुद तथा मानिसको भीडभाड हुने अन्य कार्यक्रम गर्न/गराउन पाइने छैन। खुला स्थानमा मानिस भेला हुन, सभा/जुलुस गर्न, जात्रा महोत्सव, भोज भतेर आदि गर्न/गराउन पनि पाइने छैन। नित्य पूजाबाहेकका धार्मिक एवं सांस्कृतिक कार्यक्रम, भौतिक उपस्थितिमा हुने पठनपाठन पनि गर्न नपाइने आदेशमा उल्लेख छ।




# बागलुङमा कडाइ, अत्यावश्यक बाहेकका सबै सेवा बन्द

**पोखरापत्र संवाददाता**
**बागलुङ, २६ साउन**

बागलुङमा कारोना सङ्क्रमण दर ह्वातै बढ्दै गएपछि निषेधाज्ञालाई कडाइ गरिएको छ।

जिल्ला प्रशासन कार्यालय बागलुङमा मंगलबार बसेको जिल्ला कोभिड सङ्कट व्यवस्थापन केन्द्र डिसिएमसिको बैठकले साउन २८ गतेदेखि भदौ ५ गतेसम्म कडाइका साथ निषेधाज्ञा गर्ने निर्णय गरेको निमित्त प्रमुख जिल्ला अधिकारी गणेश गौतमले जानकारी दिनुभयो। बैठकले साउन २८ गते बिहान ५ बजेदेखि भदौ ५ गते राति १२ बजेसम्म जिल्लाभर निषेधाज्ञा थप कडाइका साथ लागू गर्ने निर्णय गरेको हो। निषेधाज्ञाको समयमा सरकारी र गैरसरकारी कार्यालयका सेवा, बैंक, सहकारी, बीमा तथा वित्तीय संस्था, शैक्षिक संस्था र अतिआवश्यक बाहेकका सार्वजनिक तथा निजी यातायात बन्द गरिने भएको छ। बैठकले अत्यावश्यक खाद्यान्न, फलफूल, माछामासु तथा दूधका पसल आइतबार, बुधबार र शुक्रबार मात्रै बिहान १० बजेसम्म सञ्चालन गर्न दिइने भएको छ। जिल्लामा ६०३ सक्रिय सङ्क्रमित रहेका छन् भने ६३ जनाको कोरोना सङ्क्रमणका कारण मृत्यु भइसकेको स्वास्थ्य कार्यालयका कोरोना स्रोत व्यक्ति देश प्रकाश घिमिरेले जानकारी दिनुभयो। बागलुङ नगरपालिकाले १० दिन कडा निषेधाज्ञा गर्न जिल्ला कोभिड सङ्कट व्यवस्थापन केन्द्र डिसिएमसिलाई सोमबार सिफारिस गरेको थियो। सक्रिय सङ्क्रमितको आधा सङ्क्रमित बागलुङ नगरपालिकामा छन्।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।
महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुवेर पनि गरीब हुन्छ।
–चाणक्य

## सम्पादकीय

# अब्यवहारिक निर्णय नगर

कोरोना संक्रमित संख्या बढ्न थालेपछि चेन ब्रेक गर्न सरकारले आगामी बिहीबारदेखि काठमाडौं उपत्यकामा राति ८ बजेपछि अत्यावश्यकबाहेक सबै सवारी साधन चलाउन नपाइने निर्णय गरेको छ। सरकारले दिउँसो हुने भिडभाड नियन्त्रण गर्नुको साटो बेलुका सवारीसाधन चलाउन रोक लगाउनु अब्यवहारिक र उल्टो कदम भएको विज्ञानको गुनासो छ। सरकारको योजना उपत्यकाका तीनै जना प्रमुख जिल्ला अधिकारीहरूको बैठकबाट गराउने गरिएको छ। सप्रे जस लिन खोज्ने विग्रे सिडिओलाई दोष थोपर्ने काम हो।

सरकारले संक्रमण के कारणले बढी फैलिन्छ भनेर आकलन नगरी अब्यवहारिक निर्णय गरेको छ। संक्रमण बढी सर्ने भनेको मानिसहरूको धेरै भिडभाड हुँदा हो। राति त झन् तुलानात्मक रूपमा कम भिडभाड हुन्छ। दिउँसोको भिडभाड कम गर्ने उपाय नखोजी प्रशासकको कुरा सुन्नु गतिलो उपाय होइन। सरकारले संक्रमणको 'चेन ब्रेक' गराउने उद्धेश्यले उक्त निर्णय गरिएको भए पनि यसले 'चेन ब्रेक' नगराउने विज्ञहरूको धारणा छ। राति यसै पनि कम मानिसहरू हिँडडुल गर्ने भन्दै दिउँसो हुने भिडभाडकै कारण अहिले संक्रमण बढिरहेको संक्रामक रोग विज्ञका विचार सार्वजनिक भएका छन। निर्णय गर्नुअघि विज्ञका सुझाव लिने जरुरत नदेख्नु सरकारको अदुरदर्शिता हो।

सर्वसाधारणलाई अनावश्यक दुःख दिने निर्णय जनता र सरकारको खाडल बढाउने काम हो। एउटा मान्छे गाडी लिएर दिउँसो काममा जान पाउने अनि फर्किंदा चाहिँ समातिने अवस्था निम्त्याउँछ। संक्रमण भिडभाडबाटै सर्ने हुँदा अहिले कहाँ बढी भिडभाड भएको यकिन गरी त्यसलाई कडाइ गर्नुपर्छ। नत्र संक्रमण जोखिमको विश्लेषण नगरी गरिएको निर्णयले खासै अर्थ राख्दैन। संक्रमण कस्तो बेलामा बढी फैलिन्छ भनेर बुझ्नु नसकेर गरिएको निर्णय हावामा गोली पड्काए जस्तो हुन्छ। दिउँसो चाहिँ जुलुस, सभा, मिटिङका मिटिङ हुने अनि राति त धेरै मान्छे यसै पनि घरमै हुन्छन्! संक्रमण फैलाउने भनेको त भिडभाडले हो। त्यसैले यसरी सोचेर एकपछि अर्को नियम बनाउँदै जाने हो। सरकार उल्टो बाटोमा हिड्न थालेको संकेत हो। राति ८ बजेपछि सवारीलाई रोक लगाउँदैमा त्यसले संक्रमणको 'चेन ब्रेक' नगराउने विगतका गतिविधिले देखाएका छन।

संक्रमणको 'चेन ब्रेक' गराउने भनेको खोप नै हो। प्रधानमन्त्री शेर बहादुर देउवाले विश्वासको मत लिंदा प्रतिनिधिसभामा खोप खोप खोप प्राथमिकता भएको बताएका हुन। अहिले चलिरहेको खोप अभियानलाई ब्यवस्थित बनाउनुपर्ने छाभइरहेकै छ। नेपालमा यसै पनि राति आठ नौ बजेपछि पसल बन्द हुने भन्दै त्यसले स्वतः मानिसहरूको भिडभाड कम हुन्छ। नेपालमा विदेश जस्तो हुँदैन। विदेशमा त राति भएपछि भिडभाड हुने हो। तर यहाँ त आठ नौ बजेपछि धेरै पसल यसै पनि बन्द हुन्छन्। त्यसैले यसले चेन ब्रेक गराउन खासै अर्थ राख्छ जस्तो लाग्दैन,'।

बेलुका, होटल, रेष्टुरेन्टमा बाइक, सवारी लिएर खान जाने र राति अबेरसम्म भिडभाड गर्ने भइरहेको छ। जुन ठाउँमा समस्या छ त्यहीँ समाधान खोज्ने हो। नेपाली उखान 'अर्थ न बर्थ गोविन्द गाई, टाउकाको औषधि नाइटोमा लाई' भने जस्तो भएको छ। गेस पेपर कण्ठ पारेर मात्र होइन किताब कण्ठ पारेका कर्मचारीले गर्ने निर्णयले समाधान दिदैन। जनभावना बुझ्ने र सम्बन्धित क्षेत्रका विज्ञ, जानकार र अनुभवीका विचार नसुन्ने प्रबृत्ति कायम रहुन्जेल अब्यवहारिक निर्णयको मार जनताले भोग्नुपर्नेछ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | मन चञ्चल | तुला | सम्मान मिल्नेछ |
| वृष | शारीरिक झमेला | वृश्चिक | सहयोग मिल्नेछ |
| मिथुन | झमेला बड्ने | धनु | मानसिक तनाब |
| कर्कट | कार्यमा सफलता | मकर | आर्थिक समस्या |
| सिंह | अप्रत्यसित लाभ | कुम्भ | सत्कार मिल्नेछ |
| कन्या | शत्रुको भय | मीन | ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।


# १३ हजार विद्यार्थी शुद्ध खानेपानीको पहुँचमा

**पोखरापत्र संवाददाता**
**बागलुङ, २६ साउन**

बागलुङ जिल्लाको तमानखोला गाउँपालिका-६ को नर्जाखानीस्थित निकै दुर्गम गाउँको विष्णु आधारभूत विद्यालय परिसरमा खानेपानीको सुविधा थिएन। एक सय ७० भन्दा बढी विद्यार्थी रहेको उक्त विद्यालयका विद्यार्थी शुद्ध खानेपानीका लागि कष्ट झेल्दै आएका थिए।

विद्यालय नजिकैको सामुदायिक धारोमा निर्भर हुनुपर्ने बाध्यता रहेकामा अहिले विद्यालय परिसरभित्रै खानेपानी धारा बनेको छ। विसं २०४६ मा स्थापना भएको विद्यालयमा अहिले कक्षा १ देखि ८ सम्म पढाइ हुन्छ। राष्ट्रिय पुनःनिर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन एकाइ (शिक्षा)ले रु आठ लाख खर्च गरेर विद्यालयमा शुद्ध खानेपानीको पहुँच पुऱ्याएको हो। विद्यालयभन्दा एक हजार ८०० मिटरमाथिको खेतापानी मुहानबाट विद्यालयमा छुट्टै पाइपलाइन विस्तार गरी खानेपानी ल्याइएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष पूर्ण छन्त्यालले बताउनुभयो।

"विद्यालय परिसरमा खानेपानीको पहुँच थिएन, विद्यालय नजिकैको सामुदायिक धारामा खानेपानीको भर पर्नुपर्ने हुन्थ्यो," छन्त्यालले भन्नुभयो, "पुनःनिर्माण प्राधिकरणले विद्यालयमै खानेपानी ल्याउने, ट्याङ्की निर्माण गर्ने र शुद्धीकरणका लागि यूरोगार्डसमेत जडान गरेको छ, यसले विद्यार्थीलाई शुद्ध खानेपानीको व्यवस्थापन भएको छ।" उक्त विद्यालयमा चार कोठे भवनसमेत पुनःनिर्माण भइसकेको छ। विद्यालय भवन र विद्यालयमा शौचालय निर्माण गर्दै आएको राष्ट्रिय पुनःनिर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन एकाई (शिक्षा)ले आर्थिक वर्ष २०७६/७७ सालदेखि खानेपानीको अभाव झेलिरहेका विद्यालयमा शुद्ध खानेपानीको पहुँच पुऱ्याउन थालेको हो। कार्यालयले हालसम्म नर्जाखानीको विष्णु आधारभूत विद्यालय जस्तै जिल्लाका ३१ विद्यालयका झण्डै १३ हजार विद्यार्थीका लागि शुद्ध खानेपानीको सहज व्यवस्थापन गरिसकेको जनाएको छ। आर्थिक वर्ष २०७६/७७ मा शुरु भएका ३१ विद्यालयमा सञ्चालित खानेपानी आयोजनामा ३० विद्यालयमा सम्पन्न भइसकेको र नेपाल माध्यमिक विद्यालय ताराखोलामा सम्पन्न हुन बाँकी रहेको राष्ट्रिय एकाइ प्रमुख मोतिलाल चपाईंले जानकारी दिनुभयो। "जिल्लाका ३१ विद्यालयमा सञ्चालित खानेपानी योजनाको काम सकिएको छ, झण्डै १३ हजार विद्यार्थी शुद्ध खानेपानीको पहुँचमा पुगेका छन्", चपाईंले भन्नुभयो, "कतिपय विद्यालयमा खानेपानी मर्मत, ट्याङ्की र युरोगार्ड राखिएको छ भने कतिपय विद्यालयमा नयाँ खानेपानी योजनाबाट पानीको व्यवस्था गरिएको छ।" एकतीस विद्यालयमा शुद्धीकरणका लागि यूरोगार्ड जडान गरिएकाले सबै विद्यार्थीलाई शुद्ध खानेपानी उपलब्ध हुनेछ। कुनै विद्यालयमा पहिले नै खानेपानीको व्यवस्था भए पनि शुद्धीकरण र खानेपानी सङ्कलन ट्याङ्कीको भने पर्याप्त व्यवस्थापन थिएन। प्रत्येक विद्यालयमा १२ हजार लिटरको भूइँ ट्याङ्की, आवश्यकताअनुसार माथि तान्ने पम्पको व्यवस्था, शुद्धीकरण आँजार र धारो निर्माण गरिएको छ।

विद्यालयमा विद्यार्थीको चाप सङ्ख्याको आधारमा यूरोगार्ड जडान गरिएको छ। रु एक लाखदेखि चार लाखसम्मको यूरोगार्ड मात्रै जडान गरिएको छ। विद्यार्थी सङ्ख्याको आधारमा ३१ विद्यालयमा रु चार लाखदेखि रु आठ लाख ५० हजारसम्मको बजेट विनियोजन गरेर शुद्ध खानेपानीको पहुँच पुऱ्याइएको हो। भइरहेको खानेपानी मर्मत, नयाँ खानेपानी आयोजनालगायतका काम सोही बजेटभित्रै समावेश गरिएको छ। समथर भागमा रहेका स्कुलमा पानी तान्ने पम्पसमेत जडान गरिएको शिक्षा एकाइका प्रमुख चपाईंले बताउनुभयो। विद्यार्थीका लागि शुद्ध खानेपानी उपलबध गराउन उच्चस्तरीय इलेक्ट्रिक मेसिन यूरोगार्डद्वारा फिल्टर गरिएको खानेपानी विद्यालयमा वितरण गरिएको छ। खानेपानीको समस्या रहेको जिल्लाको काठेखोला गाउँपालिकाका कादेश आधारभूत विद्यालय, जनकल्याण माध्यमिक विद्यालय, जनकल्याण आधारभूत विद्यालय, रेश नुन्थला माध्यमिक विद्यालय जैमिनी नगरपालिकाको सुन्तलाचौर माध्यमिक विद्यालय, ढोरपाटन नगरपालिकाको उत्तरगङ्गा माध्यमिक विद्यालय, अर्नाकोट आधारभूत विद्यालयमा खानेपानी योजनाको काम गरिएको छ।

यसैगरी तमानखोलाको सरस्वती आधारभूत विद्यालय, विष्णु आधारभूत विद्यालय, बागलुङ नगरपालिकाको विद्यामन्दिर माध्यमिक विद्यालय, श्री गणेश माध्यमिक विद्यालय, गौरीशङ्कर आधारभूत विद्यालय, सिगाना माध्यमिक विद्यालय, लक्ष्मीनारयण आधारभूत विद्यालय, पृथ्वी हिरण्य माध्यमिक विद्यालय, तितौरे माध्यमिक विद्यालय, विश्वकर्मा माध्यमिक विद्यालय, मालिका माध्यमिक विद्यालय र चौतारेडाँडा माध्यमिक विद्यालयमा शुद्ध खानेपानीको पहुँच पुऱ्याइएको छ।

ताराखोला गाउँपालिकाको अर्गल माध्यमिक विद्यालय, प्रजातन्त्र विकास विद्यालय, दुर्गाभवानी माध्यमिक विद्यालय, निसीखोला गाउँपालिकाको जनजीवराज सुशील माध्यमिक विद्यालय, जनहित आधारभूत विद्यालय, बडिगाड गाउँपालिकाको श्री सिद्ध माध्यमिक विद्यालय, पौदीटारी प्रावि, खड्गदेवी माध्यमिक विद्यालय, त्रिभुवन नमूना माध्यमिक विद्यालय र बरेङ गाउँपालिकाको शारदा माध्यमिक विद्यालय र पुरुषोदय माध्यमिक विद्यालयमा शुद्ध खानेपानी व्यवस्थापन गरिएको छ।

# १८ लाख अनुदान वितरण

**पोखरापत्र संवाददाता**
**दमौली, २६ साउन**

तनहुँको बन्दीपुर गाउँपालिका-५ स्थित याम्पा दुग्ध उत्पादक सहकारी संस्थामा दूध बिक्री गर्ने कृषकलाई अनुदानपापत रु १८ लाख वितरण गरिएको छ। उत्पादनका आधारमा अनुदान वितरण गर्ने नीतिबमोजिम गाउँपालिकाले प्रोत्साहनस्वरुप सो रकम प्रदान गरेको हो।

गाउँपालिकाका अध्यक्ष पूर्णसिं थापाले सोमबार रकम वितरण गर्दै कार्यक्रमलाई आगामी वर्ष पनि निरन्तरता दिइने जानकारी दिनुभयो। सो सहकारी संस्थामार्फत दूध बिक्री गर्ने १५२ कृषकले अनुदानवापतको रकम प्राप्त गरेका छन्। सबैभन्दा बढी याम्पास्थित नमूना गाई फार्मका सञ्चालक पुष्प गैह्रेले रु एक लाख १९ हजार अनुदान रकम प्राप्त गर्नुभएको छ भने सबैभन्दा कम पाउनेले रु तीन हजार बुझेका छन्।

सो सहकारीबाट वार्षिक १३ लाख लिटर दूध बिक्री भएको थियो। "कृषकलाई पशुपालनतर्फ आकर्षित गराउन उत्पादनका आधारमा अनुदान दिने व्यवस्था मिलाएका हौं, यस कार्यक्रमले यहाँका कृषक उत्साहित छन्", उहाँले भन्नुभयो। सहकारीका अध्यक्ष छविलाल घिमिरेले सहकारीमार्फत बन्दीपुरका अलवा आँबुखैरेनी र गोरखाको पालुङ्टारका कृषकले पनि दूध बिक्री गर्दै आएको जानकारी दिनुभयो।

गाउँपालिकाले बन्दीपुर-१ स्थित सूर्योदय दुग्ध उत्पादक सहकारी संस्थामार्फत दूध बिक्री गर्ने ६१ कृषकलाई यसअगाडि रु एक लाख ६० हजार वितरण गरिसकेको छ। उक्त सहकारीमार्फत दूध बिक्री गर्नेले रु पाँच हजारदेखि रु २६ हजारसम्म अनुदान रकम पाएका छन्। उक्त सहकारीमार्फत व्यास र भानुका कृषकले पनि दूध बिक्री गर्दै आएका छन्। उत्पादनका आधारमा दिइने अनुदानका कारण गत वर्षभन्दा यस वर्ष दूध उत्पादनमा वृद्धि आएको छ। दूधमा अनुदान पाउनुभएका कृषक पुष्प गैह्रेले अनुदान दिने व्यवस्थाले पशुपालन गर्ने कृषकलाई सहयोग पुगेको बताउनुभयो। "गाईपालनमा ठूलो लगानी गरेका छौं, दूध उत्पादनमा अनुदान दिने व्यवस्थाले यसतर्फ लागिरहन प्रेरणा दिन्छ", उहाँले भन्नुभयो। याम्पाका कृषक काशीनाथ भट्टराईले दूधमा अनुदान दिने व्यवस्थाले कृषकलाई प्रोत्साहन मिल्ने बताउनुभयो। "कृषकलाई प्रोत्साहन गर्न र अन्यलाई यसतर्फ आकर्षित गर्न गाउँपालिकाले ल्याएको योजना सकारात्मक छ, अनुदानको रकम अझ वृद्धि गर्नुपर्छ", उहाँले भन्नुभयो।

बन्दीपुरलाई दूधमा आत्मनिर्भर बनाउने लक्ष्य राखिएको र दूध उत्पादन वृद्धि गर्न पशुपालनतर्फ कृषकलाई आकर्षित गराउन जरुरी रहेको गाउँपालिकाले जनाएको छ। पशुपालन गर्ने कृषकको सङ्ख्या बढेपछि गाउँपालिका दूधमा आत्मनिर्भर हुने र त्यसकै लागि कृषकलाई अनुदानको व्यवस्था मिलाइएको बताइएको छ।


## मोटरसाइकल विक्रि सम्बन्धि शिलबन्दी निवेदन आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति: २०७८/०४/२७**

यस संस्थाको नाममा रहेको होण्डा कम्पनीको सन् २०११ मा बनेको ९७.२ सिसिको ग.७प. ३२३१ नम्बरको मोटरसाईकल कार्यालय हाता भित्र जस्तो अवस्थामा रहेको छ त्यस्तै अवस्थामा विक्रि गर्नु पर्ने भएकोले उक्त मोटरसाईकल खरिद गर्न ईच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि सहित निम्न लेखिएको शर्तको परिधि भित्र रहने गरि निवेदन दिन चाहेमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र यस संस्थामा आई निवेदन दर्ता गराइसक्नु पर्नेछ। आफूले कबुल गरेको रकम अंक र अक्षर दुबैमा केरमेट नगरि प्रष्ट बुझिने गरि लेख्नुपर्नेछ साथै सम्भव भएसम्म टेलिफोन नम्बर समेत उल्लेख गरि शिलबन्दी गोप्य निवेदन पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

१. मोटरसाईकलको न्यूनतम अंक रु. १०,०००/- (अक्षेरुपी दश हजार मात्र) तोकिएकाले सो भन्दा बढी बोल कबुल गरि निवेदन पेश गर्नुपर्नेछ र सबैभन्दा बढी कबुल गरेको निवेदनकर्ताको निवेदन स्वीकृत गरिनेछ।

२. खरिद बोलपत्र निवेदनहरु तीन भन्दा कम प्राप्त भएमा यो सूचना रद्ध गरी पुन: अर्को सूचना प्रकाशित गरिने छ।

३. प्राप्त निवेदन सूचना प्रकाशित भएको मितिले ३६ (छत्तिसौं) दिनको २ (दुई) बजे यस संस्थाको कार्यालयमा खोलिने छ। तर उक्त दिन सार्वजानिक विदा पर्न गएमा सो दिनको भोलिपल्ट सोहि समयमा पनि खोलिने छ।

सम्पर्क : नेपाली गाउँका साथीहरु, पोखरा-२२, पुम्दीभुम्दी, कास्की, फोन नं. ०६१-६२१७६३


# बिहीबारदेखि मनसुन सक्रिय हुने

**रासस**
**काठमाडौं, २६ साउन**

आगामी बिहीबारदेखि मनसुन सक्रिय हुने भएको छ। बिहीबारदेखि विस्तारै मनसुन न्यूनचापीय रेखा नेपालको तराई-भूभाग नजिक आउने र सो प्रणालीका कारण देशभरि मनसुन सक्रिय भई सोही दिनदेखि केही दिन धेरै स्थानमा हल्कादेखि मध्यम वर्षा हुने सम्भावना देखिएको मौसमविद् राजु प्रधानाङ्गले बताउनुभयो।

बिहीबार प्रदेश नं १, २, वाग्मती, गण्डकी र लुम्बिनी प्रदेशका केही स्थानमा भारी वर्षाको सम्भावना रहेको तथा शुक्रबार, शनिबार प्रदेश नं १, २, वाग्मती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका केही स्थानमा धेरै भारी वर्षाको सम्भावना रहेको हुनाले मौसम पूर्वानुमान महाशाखाले आवश्यक सतर्कता अपनाउन अनुरोध गरेको छ। हाल देशका अधिकांश भूभागमा सामान्यदेखि पूर्ण बदली भई प्रदेश नं १, २, वाग्मती र गण्डकी प्रदेशका केही स्थानमा वर्षा भइरहेको छ। दिउँसो देशभर सामान्यदेखि पूर्ण बदली रही केही स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहनुका साथै प्रदेश नं १, वाग्मती र लुम्बिनी प्रदेशको एक- दुई स्थानमा मेघ गर्जनसहित भारी वर्षाको सम्भावना रहेको बताइएको छ।

मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरणअनुसार आज काठमाडौँ उपत्यकाको न्यूनतम तापक्रम १९ दशमलव आठ डिग्री र अधिकतम तापक्रम २९ दशमलव दुई डिग्री सेल्सियस रहेको छ। त्यस्तै आज सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम १५ दशमलव दुई डिग्री र सबैभन्दा धेरै दिपायलको अधिकतम तापक्रम ३५ दशमलव दुई डिग्री सेल्सियस रहेको छ।

# महिलाको हेलिकप्टरबाट उद्धार

**रासस**
**गोरखा, २६ साउन**

उत्तरी गोरखाको चुमनुब्री गाउँपालिका-३, स्थित सिर्दिबास फिलिमकी एक गर्भवतीको हेलिकप्टरबाट बुधबार उद्धार गरिएको छ।

दुई दिनदेखि प्रसव व्यथा लागेकी २५ वर्षीय छिरिङ डोल्मा गुरुङको हेलिकप्टरमार्फत उद्धार गरिएको हो। नेपाली सेनाको हेलिकप्टरबाट गुरुङको उद्धार गरी सुत्केरी गराउन काठमाडौँ पठाइएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत भीमसेन श्रेष्ठले जानकारी दिनुभयो।

"घरमै प्रसव व्यथा लागेको दुई दिनसम्म पनि बच्चा जन्माउन नसकेपछि गाउँपालिका तथा जिल्ला प्रशासन कार्यालयको विशेष पहलमा गर्भवतीको उद्धार गरिएको हो", उहाँले भन्नुभयो, "आज बिहानै सेनाको हेलिकप्टर झिकाएर काठमाडौँ पठाइएको छ।" राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत विकट क्षेत्रका गर्भवतीको आपत्कालीन उद्धार हुँदै आएको छ।

गाउँपालिकाको अनुरोधमा जिल्ला प्रशासन कार्यालयले महिला तथा बालबालिका कार्यालयमा उद्धारका लागि सिफारिस गरेपछि गुरुङको हेलिकप्टरमार्फत उद्धार गरिएको प्रमुख प्रशासकीय अधिकृत श्रेष्ठले जानकारी दिनुभयो। सडक सञ्जालको पहुँज नपुगेको उत्तरी गोरखामा गर्भवतीलाई सुत्केरी गराउन स्वास्थ्य संस्थासम्म पुऱ्याउन कठिन हुँदा घरमै सुत्केरी गराउनुपर्ने बाध्यता रहँदै आएको छ।

# हाइब्रिड धानमा प्रविधि हस्तान्तरण परियोजना सञ्चालन गरिँदै

**– नारायण न्यौपाने**
**काठमाडौं, २६ साउन**

नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) र अन्तर्राष्ट्रिय धान अनुसन्धान प्रतिष्ठान (इरी)बीच हाइब्रिड धानमा प्रविधि हस्तान्तरण परियोजनामा सहकार्य हुने भएको छ। यसका लागि ती दुई सस्थाका बीचमा सहमति समेत भएको छ।

नेपालमै रहेका रैथाने जङ्गली जातको पहिचान र उपयोगबाट वर्णशङ्कर जातको विकास गरी धानमा आत्मनिर्भर बनाउने उक्त पाँचवर्षे परियोजनाले धान अनुसन्धानका क्षेत्रमा नयाँ आयाम थप्ने विश्वास गरिएको छ। प्रमुख खाद्यान्न बालिका रूपमा रहेको धानबालीले मुलुकको खाद्य सुरक्षामा ठूलो योगदान पुऱ्याएको छ।

सरकारको आर्थिक सहयोगमा सञ्चालन हुने परियोजनाअन्तर्गत वर्णशङ्कर धानको समग्र प्रविधिको विकास नेपालमै परिषद्का वैज्ञानिकका अगुवाइमा गरिने छ। परियोजनाका लागि आवश्यक पर्ने विज्ञान, प्रविधि, क्षमता र सीपको हस्तान्तरण इरीद्वारा हुनेछ। परियोजनाले धानको वर्णशङ्कर जातको विकास गर्न अत्याधुनिक प्रविधिद्वारा धान प्रजनन अनुसन्धानको प्रक्रियालाई छिटो, छरितो प्रभावकारी र विश्वसनीय बनाउने छ। उक्त उच्च प्रविधि र नवीनतम सोचको उपयोग गर्न सक्ने नेपाली कृषि वैज्ञानिक पनि यस परियोजनाले विकास गर्ने जानकारी दिइएको छ। परियोजनाले वर्णशङ्कर धान बढी उत्पादनशील, जलवायु अनुकूलितरूपमा व्यवसायीकरण गर्ने उद्देश्य राखिएको छ। केही दिनअघि सञ्चालन सहमति भएको परियोजनाले वर्णशङ्कर जात धानको क्षेत्र विस्तार गरी धानको आयात प्रतिस्थापन हुँदै आत्मनिर्भर बनाउन महत्वपूर्ण योगदान पुऱ्याउने छ। परियोजनामार्फत वर्णशङ्कर धानको व्यावसायिकरणका लागि आवश्यक पर्ने जनशक्ति, प्रविधि, ज्ञान, सीप हस्तान्तरण गर्दै नेपाललाई धानमा आत्मनिर्भरतातर्फ उन्मुख गराउने विश्वास लिइएको छ। यो परियोजनामा चलनचल्तीमा रहेको थ्री लाइन हाइब्रिड उत्पादन प्रविधिसँगसँगै टु लाइन हाइब्रिडको नवीनतम प्रविधिलाई स्वदेशमा भित्र्याइ जातीय विकास गरिनेछ।

परियोजना कार्यान्वयनपछि प्राप्त नतिजाका आधारमा नेपाल प्रविधिको प्रयोगका हिसाबले दक्षिण एशियाकै एउटा उपयुक्त केन्द्रका रूपमा विकास हुने विश्वास गरिएको छ। इरीका नेपाल प्रतिनिधि डा कृष्णदेव जोशी र परिषद्का कार्यकारी निर्देशक डा दीपक भण्डारीबीच परियोजना सञ्चालनका लागि सहमतिपत्रमा हस्ताक्षर भएको हो। परियोजना पूर्णरूपमा कार्यान्वयनमा गएपछि तराई, पहाड र उच्च पहाडका कृषकको उत्पादकत्व वृद्धिसँगै नेपालमा खाद्यान्नको आयात घटाउन कोशेढुङ्गा सावित हुने अपेक्षा गरिएको छ। सो अवसरमा परिषद्का कार्यकारी निर्देशक डा भण्डारीले अनुसन्धानका क्षेत्रमा क्रियाशील दुई संस्थाबीचको सहकार्यले नेपालका कृषि वैज्ञानिकको क्षमता अभिवृद्धिसँगै कृषि प्रविधि विकासमा उदाहरणीय रहने छ भन्नुभयो। नेपाल कृषि प्रधान देश भए पनि पछिल्ला वर्षमा वार्षिकरूपमा लगभग रु ३२ अर्ब बराबरको चामल आयात गरिँदै आएको छ। नेपालमा वार्षिक प्रतिव्यक्ति चामलको खपत १३८ केजी रहेको छ।

# मोबाइल फोनको लतले एक्लिदै बालबालिका

**– ध्रुबसागर शर्मा**
**म्याग्दी, २६ साउन**

म्याग्दीको बेनी नगरपालिका-७ का दिपेन पुन निद्राबाट बिउझिँने बित्तिकै टेबुलमाथिको मोबाइल हातमा लिन्छन् । मोबाइलको स्क्रिन हेरेर उनको दैनिकी शुरु हुन्छ। कक्षा ६ मा पढ्ने १२ वर्षीय पुनले मोबाइलमा के हेर्छन् त्यो त परिवारलाई पत्तो हुँदैन। उनले मोबाइल नपाउञ्जेलसम्म रिसाउने, झर्किने र खानै नखाइदिने गर्छन् । जसले गर्दा उनको परिवार पनि तनावमा रहनुपर्छ।

अनलाइन क्लासको बहानामा बालबालिका एक्लिदै गएका र उनीहरुको आनिबानीमा नकारात्मक परिवर्तन देखा पर्न थालेपछि अभिभावक चिन्तित बनेका छन् । "अहिले अनलाइन क्लासका नाममा मोबाइल, ल्यापटप र कम्प्युटरमा बालबालिका व्यस्त हुने गरेका छन्, न बोलाएको सुन्छन्, न समयमा खाना खान्छन्, अनलाइन क्लासमा पनि ज्वाइन नभएको भनेर विद्यालयबाट अभिभावकलाई फोन आइरहन्छ", बेनी मङ्गलाघाटका अभिभावक तिलबहादुर पुनले भन्नुभयो । "बिहान उठ्नसाथ मोबाइल नहेरी अरु कुनै काम गर्न मान्दैनन्", बेनी नगरपालिका-४ सिगाका अभिभावक मोहन पौडेलले भन्नुभयो,"न बाबाआमा, न साथी सङ्गती, मोबाइल पाएपछि अरु कोही पनि चाहिदैन, यस्तो पाराले त कसरी बनाउँछन् खै आजभोलिका बालबालिकाले राम्रो भविष्य ?", पौडेलले चिन्ता व्यक्त गर्नुभयो । पौडेलको जस्तै चिन्ताले अहिले अधिकांश अभिभावक पिरोलिएका छन् । अनलाइन कक्षाको नाममा बिहान उठेदेखि राति ११/१२ बजेसम्म बालबालिका मोबाइल र ल्यापटपमा घोप्टिने गर्न थालेपछि अभिभावकले आ-आफ्ना बालबालिकाप्रति निगरानी त बढाउन थालेका छन् तर परिणाम भने झन विपरीत प्राप्त भइरहेको अभिभावकको गुनासो रहने गरेको छ। "बिहानदेखि रातिसम्म नै मोबाइलमा व्यस्त हुन थालेपछि मैले तीन दिनसम्म बच्चाको निगरानी गरेँ, अनलाइन क्लासमा ज्वाइन नै नभइ, पब्जी र अरु नानाभाँतिका खेल पो हेर्दोरहेछ", बेनीका अभिभावक सुमन सापकोटाले भन्नुभयो, "त्यसपछि सम्भाइबुझाइ गर्दा उल्टै खानै खान मानेन, रिसाउने,झर्किने पो गर्न थाल्यो।"

म्याग्दीका प्रायः सबै अभिभावक मोबाइल फोन र इन्टरनेटले आफ्ना छोराछोरी कस्तो बाटोमा लाग्ने हुन् भन्ने कुराले चिन्तित छन् । कोरोना सङ्क्रमणका कारण भौतिकरुपमा उपस्थित भई विद्यालयमा पठनपाठन गर्ने वातावरण नभएपछि विद्यालयले अनलाइन क्लास सञ्चालन गर्ने गरेका छन् । तर, अधिकांश बालबालिकालाई अनलाइन क्लास मोबाइल खेलाउन पाइने गतिलो बहाना बनेको छ।

शुरु शुरुमा बालबालिकालाई भुलाउन मोबाइल दिने गरेका अभिभावक पनि मोबाइलबिना अहिले बस्नै नसक्ने भएपछि तनाबमा छन् । पछिल्लो समय अभिभावकको मनमा एउटै मात्रै प्रश्न उठ्न थालेको छ-बच्चालाई मोबाइलको लतबाट कसरी छुटकारा दिलाउने ? ज्यामरुककोटकी लक्ष्मी सुवेदीले छोरी सानो छँदा घरधन्दा भ्याउनुपर्ने अवस्था भएकाले मोबाइल खेलाउन दिएर भुलाउने गर्नुहुन्थ्यो । विस्तारै विस्तारै छोरीलाई मोबाइल खेलाउने बानी भयो । अहिले मोबाइल भएपछि आमाबुबा, साथीभाई नै भुल्ने र कोठाबाट बाहिर निस्कन नमान्ने जस्ता क्रियाकलाप गर्न थालेपछि आफू आजित बनेको लक्ष्मीले सुनाउनुभयो।

बालबालिकामा विकसित हुँदै गएको एकलकाँटे प्रवृत्तिको असर दीर्घकालसम्म पर्ने भएकोले यसतर्फ अभिभावक सचेत रहनुपर्ने समाजशास्त्री तथा बाल मनोविज्ञानका जानकारको राय रहेको छ। पछिल्लो समय अभिभावकको व्यस्त जीवनशैली र प्रविधि प्रयोगका कारण बालबालिका समाजमा घुलमिल हुन नचाहने, एकान्तमा बस्न रुचाउने जस्ता आनीबानी बढ्न थालेको बालरोग चिकित्सक डा मीना शाक्यले बताउनुभयो। मोबाइल फोन भेटेपछि घण्टौंसम्म एक्लै बस्ने, कोसँग कस्तो व्यवहार गर्ने, कसरी बोल्ने जस्ता संस्कार बालबालिकामा हराउँदै गएको अभिभावकको गुनासो छ।

# बागलुङमा लोकबाजा सङ्ग्रहालय बन्दै

**–रामबहादुर थापा**
**बागलुङ, २६ साउन**

काठेखोला गाउँपालिका-४ तङ्ग्राममा लोकबाजा सङ्ग्रहालय बन्ने भएको छ । यसका लागि गाउँमैत्री अक्षयकोषले पूर्वाधार निर्माण र लोकवाद्ययन्त्र सङ्कलनको काम अघि बढाएको छ।

विश्वभरका देशको प्रतिनिधित्व हुने गरी लोकबाजा सङ्ग्रह गर्ने महत्वकांक्षी लक्ष्य अक्षयकोषले लिएको छ । हालसम्म नेपाली र पश्चिमेली गरी २५ किसिमका बाजा सङ्कलन भइसकेको कोषका अध्यक्ष एवं सङ्गीतकर्मी हेमराज आश्रमले जानकारी दिनुभयो। उहाँका अनुसार आगामी पाँच वर्षभित्रमा सङ्ग्रहालय पूर्ण स्वरूपमा सञ्चालनमा आउनेछ । भवनलगायत संरचना बनाउने कामका लागि गण्डकी प्रदेश सरकारले चालु आवमा रु ५० लाख बजेट विनियोजन गरेको छ । गत आवमा पनि प्रदेश सरकारबाट रु १० लाख बजेट आएको थियो।

उक्त बजेटमध्ये रु पाँच लाख नगरा (दमाहा) र बाँकी कार्यालय भवन बनाउँदा खर्च भइसकेको छ । सङ्ग्रहालयको प्रारम्भिक काममध्ये २८० किलोको नगरा (दमाहा) हालै मात्र निर्माण गरिएको उहाँको भनाइ छ। उक्त नगरा 'देशकै ठूलो' भएको अक्षयकोषको दाबी छ । स्थानीय कालिगढले १८ दिन लगाएर नगरा निर्माण गरेका थिए। निर्माणाधीन सङ्ग्रहालय परिसरमा नेपाली लोकबाजा मादलको प्रतिमा भने त्यसअघि नै राखिएको थियो। "लोकवाद्ययन्त्रको सङ्कलन र संरचना निर्माणको काम सँगसँगै भइरहेको छ",उहाँले भन्नुभयो, "सङ्ग्रहालयका लागि चाहिने मुख्य भवनमा बजेटले भ्याएसम्मको काम यही वर्ष हुन्छ, बाँकी आगामी वर्षमा हुँदै जान्छ।" तीनतले भवनको पहिलो तलामा नेपाली, दोस्रोमा विदेशी लोकबाजा र तेस्रोमा नेपालको परम्परागत संस्कृति झल्काउने वेशभूषा, सामग्री आदिलाई सङ्ग्रह गरिनेछ। भवनका लागि अहिले रहेको जग्गा अपुग भएपछि थप एक रोपनी जग्गा खरिदका लागि प्रक्रिया अघि बढाइएको छ । विसं २०६६ मा स्थापित अक्षयकोषले सङ्ग्रहालय निर्माणका लागि तीन रोपनी जग्गा पहिले नै व्यवस्थापन गरेको थियो । लोकबाजा सङ्ग्रहालयले नेपाली संस्कृतिको प्रवर्द्धनमा नयाँ आयाम थप्ने वाङ्मयसेवी एवं काठेखोला गाउँपालिकाका कार्यपालिका सदस्य टीका सङ्गम विकले बताउनुभयो । "सङ्ग्रहालय बनेपछि त्यसले जिल्लामा पर्यटकीय आकर्षण पनि बढाउँछ", उहाँले भन्नुभयो, "विश्वभरका लोकबाजा एकै ठाउँमा अवलोकन गर्न पाउनु, तिनबारे बुझ्न पाउनु हाम्रा लागि धेरै महत्वपूर्ण छ।" गाउँपालिकासहित स्थानीय क्षेत्रबाट पनि सङ्ग्रहालय निर्माणमा हातेमालो हुनुपर्ने उहाँको भनाइ छ । सङ्ग्रहालय निर्माणका लागि अहिले आर्थिक अभियान पनि जारी छ । देश-विदेशबाट स्वतःस्फूर्तरूपमा सहयोग आउने क्रम सुरु भएको कोषले जनाएको छ। गाउँपालिकासँगको साझेदारीमा छिट्टै महिलालक्षित मादलवादनको कार्यशाला चलाउने योजनामा कोष छ। "पछि सारङ्गीलगायत अन्य लोकबाजाको प्रशिक्षण पनि चलाउने सोच बनाइरहेका छौँ", अध्यक्ष आश्रमले भन्नुभयो। सङ्ग्रहालयमा 'विश्वकै सबैभन्दा ठूलो' हार्मोनियम पनि राखिने उहाँले सुनाउनुभयो । लोकबाजा सङ्ग्रह गर्ने र त्यसलाई सांस्कृतिक सङ्ग्रहालयका रूपमा विकास गर्ने अक्षयकोषको वर्षौं पहिलेको सपना अब भने पूरा हुने भएको छ। यसअघि आर्थिक स्रोतको जोहो नहुँदा सङ्ग्रहालय बनाउने योजना अन्योलमा परेको थियो। प्रदेश सरकारबाट बजेटको सुनिश्चितता भएपछि कामले गति लिएको हो। प्रगतिशील गायन र सङ्गीतकर्ममा तल्लीन आश्रमकै विशेष पहलमा स्थापित अक्षयकोष कला, सङ्गीत र साहित्यको उत्थानमा क्रियाशील छ। उक्त संस्थाले वर्षेनी गाउँस्तरमा 'ट्यालेन्ट अफ भिलेज' नामको कार्यक्रमसमेत गर्दै आएको छ । गीत, नृत्य र साहित्यतर्फ प्रतिभाको खोजी गरिने उक्त प्रतियोगितात्मक कार्यक्रमले दशौं संस्करण पार गरिसकेको छ।

अक्षयकोषलाई थप संस्थागत र व्यवस्थित बनाएर समुदायलाई हस्तान्तण गर्ने योजनमा अध्यक्ष आश्रम हुनुहुन्छ । "संस्था स्थापनाकालमा कोही व्यक्ति विशेषको योगदान रहेको भए पनि यो समुदायको साझा सम्पत्ति हो", उहाँले भन्नुभयो।

# प्रकृतिमाथिको विचरण

**पोखरापत्र संवाददाता**
**पर्वत, २६ साउन**

कालीगण्डकीले बनाएको गहिरो गल्छी र त्यही गल्छीमा उभिएको छ ठूलो पहाड। छेउछाउमा जाँदा आङ नै सिरिङ्ग हुने भीर छ। वारि बागलुङको बलेवास्थित नारायणस्थान गाउँ र पारी छ पर्वतको सदरमुकाम कुश्मा बजार । यी दुईको बीचमा पर्छ कहालीलाग्दो पहाड।

यही भीर भएर कालीण्डकीको दक्षिण पश्चिमतर्फ लमतन्न पाखो र कालीतिरमा अहिले मानव विचरण बढ्दो छ । लाग्थ्यो, भीर कहिलै कसैको रोजाइँ पर्दैन । पहिले घाँस दाउराका लागिसमेत नजिकपर्न नसकिने भीर अहिले साहसिक घुमघामको थलो बनेको छ। बाँदर दौडिन पनि नसक्ने भीरमा धमाधम संरचना बनेका छन्। तिनै संरचनाले आन्तरिक पर्यटक लोभ्याइरहेका छन्।

'द क्लिफ'ले एक वर्षयता बलेवा र कुश्मा जोडेर बनाइएको पुलमा साहसिक खेल बञ्जी गराइरहेको छ। संसारकै दोस्रो स्वीङ पनि यहीँ छ। बञ्जी र स्वीमिङ गर्न आउनेको भीड त थामिनसक्नु छदैछ। त्यो भन्दा धेरै 'द क्लिफ'ले बनाएका अन्य साहसिक संरचना छन्।

बागलुङ नगरपालिका-१४ नारायणस्थानको नेपानेमा २१ रोपनीमा क्लिफका संरचना फैलिएका छन् । लठ्ठे पिङ, 'स्काइ चियर' र कृतिम हत्केला, अत्यासलाग्दो भीरमाथि भऱ्याङको सहयताले रुखमा चढ्ने खेल नेपानेमा देखिने संरचना हुन् । कालीगण्डकीको किनारदेखि झण्डै ४०० मिटर अग्लो पहाडमाथि बनेको लठ्ठे पिङ । मेसिनको सहायताले माथि तानेर हुत्याउँदा कालीगण्डकीको बहावमाथि पुगेजस्तै लाग्छ। त्यही पिङ खेल्न नेपाने पुग्नेहरुको ठूलो लर्को लाग्ने गरेको 'द क्लिफ'का अध्यक्ष राजु कार्की बताउनुहुन्छ।

यो पिङ खेल्नका लागि बालबालिकादेखि युवायुवतीको आकर्षण छ। पिङ खेलेको मात्रै रु १५० शुल्क लाग्छ। बञ्जीको क्षेत्रमा पुगेका जो कोही पिङ खेल्न इच्छुक छन्। गुलेलीले मट्याङ्ग्रा हुत्याएझैं पिङमा मान्छे हुत्तिने गरेका छन्। सबै सुरक्षाका साधन प्रयोग भएकाले दुर्घटनाको जोखिम भने छैन। नेपानेको ढिकमा एउटा कुर्सी बनाइएको छ। विद्युतीय मोटरको सहायताले कुर्सीमा बसेपछि आकाशमा घुम्छ । 'स्काइ चियर' नाम दिइएको कुर्सीमा जोडी बसेर चिया खाजा खानेहरुको कमी छैन । युवादेखि वयस्क र वृद्धवृद्धासम्म स्काइ चियरमा बसेर चिसोतातो पिउनकै लागि त्यहाँ पुग्ने गरेको कार्की बताउनुहुन्छ । "बञ्जिका लागि यहाँ आएको हो, पिङ पनि खेल्न मन लाग्यो, कस्तो डरलाग्दो तर निकै आनन्द आयो" चितवनको भरतपुरबाट बलेवा आएका विश्वास पोखरेलले भन्नुभयो, "यहाँ घुम्दा मज्जा आइरहेको छ, भोलिसम्म यहीँ बस्छौं।" यहाँ बनिरहेको हत्केलाको आकृतिमा पनि कालीगण्डकीको पानीमाथि बसेजस्तै गरी तस्बिर खिच्न सकिन्छ । क्लिफका मनोरञ्जनका साधन प्रयोग गर्दा आकाशमै पुगेको अनुभूति हुनेगरेको पोखरेलले बताउनुभयो।

'स्काई चियर' ले बञ्जी क्षेत्रको थप सोभा बढाएको छ। 'द क्लिफ'ले नेपाने नजिकै कालीगण्डकीले खोँच बनाउदा छोडेको पहाड र प्रकृतिको प्रयोग गरेर मानिसलाई विचरण गराइरहेको छ । बञ्जी, स्वीङ गर्न आउनेका लागि खाना बस्नको लागि सुविधा सम्पन्न रिसोर्ट समेत नेपानेमा छ। साहसिक पर्यटनको रुपमा लिइने बञ्जी महँगो ठान्नेले पिङ, 'स्काई चियर', हत्केला र हल्लिने भऱ्याङको बाटो रुखचढ्ने खेल रोज्ने गरेका छन्।

कोरोना महामारीले थला परेको व्यवसाय विस्तारै तङ्ग्रिएसँगै संरचनासमेत थप भइरहेका अध्यक्ष कार्कीले बताउनुभयो । यहाँ निजी क्षेत्रको झण्डै रु २५ करोड लगानी भएको छ। बञ्जीका लागि बनाइएको झोलुङ्गे पुल फरक प्रकृतिको छ । नजिकै रहेको यान्त्रिक पुल, त्योभन्दा केही पर रहेको झोलुङ्गे पुल तर्ने भन्दा निश्चित शुल्क तिरेर बञ्जीको पुल तर्नेहरुको कमी छैन। यहाँ निजी क्षेत्रको लगानीमा बनेका संरचनाकै कारण सिरुको बगर भनेर चिनिने नेपानेले मुहार फेरेको छ भने यहाँका अन्य आर्थिक क्षेत्रलाई समेत चलायमान गराइरहेको 'द क्लिफ' सञ्चालक समितिका सदस्य नेत्र पराजुली बताउनुहुन्छ।


**नेपाल एग्रो लघुवित्त वित्तीय संस्था लि.**
**Nepal Agro Laghubitta Bittiya Sanstha Ltd.**
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (१० जिल्ला कार्यक्षेत्र भएको)

**Head Office :**
Pokhara-18, Kaski, Tel : 061-412445
Email : info@nepalagro.com.np
Website : www.nepalagro.com.np

## Unaudited Financial Results (Quarterly)

### As at 4th Quarter (Fiscal Year 2077/78)

Rs in '000'

| S.N. | Particulars | This Quarter Ending | Prevoius Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| 1 | **Total Capital & Liabilities(1.1to1.8)** | **1,108,153.61** | **1,120,617.00** | **955,253.00** |
| 1.1 | Share Capital | 65,258.69 | 57,244.00 | 57,245.00 |
| 1.2 | Reserves and Surplus | 41,202.83 | 49270.00 | 15,490.00 |
| 1.3 | Debenture and Bond | | | - |
| 1.4 | Borrowings | 653,399.31 | 650203.00 | 597,324.00 |
| 1.5 | Deposits | 275,783.24 | 307031.00 | 244,857.00 |
| 1.6 | Purposed Dividend | | | - |
| 1.7 | Income Tax Liabilities | 12,852.63 | 10085.00 | - |
| 1.8 | Other Liabilities | 59,656.91 | 46784.00 | 40,337.00 |
| 2 | **Total Assets (2.1to2.7)** | **1,108,153.61** | **1,120,617.00** | **955,253.00** |
| 2.1 | Cash & Bank Balance | 1,376.08 | 6,681.00 | 5,154.00 |
| 2.2 | Money at call and short Notice | 167,237.56 | 142,957.00 | 209,337.00 |
| 2.3 | Investments | 1,000.00 | 1,000.00 | 1,000.00 |
| 2.4 | Loans & Advances | 903,069.02 | 937,848.00 | 710,585.00 |
| 2.5 | Fixed Assets | 2,504.95 | 3,308.00 | 3,766.00 |
| 2.6 | Nonbanking Assets | | | - |
| 2.7 | Other Assets | 32,966.00 | 28,823.00 | 25,411.00 |
| 3 | **Profit and Loss Account** | | | |
| 3.1 | Interest Income | 133,282.04 | 93,988.00 | 82,911.00 |
| 3.2 | Interest Expense | 58,477.89 | 42,835.00 | 55,041.00 |
| A | **Net Interest Income (3.1-3.2)** | **74,804.15** | **51,153.00** | **27,870.00** |
| 3.3 | Commission and Other Operating Income | 22,461.57 | 19,066.00 | 16,078.00 |
| 3.4 | Foreign Exchange Gain/Loss (Net) | - | - | - |
| B | **Total Operating Income (A+3.3+3.4)** | **97,265.72** | **70,219.00** | **43,948.00** |
| 3.5 | Personnel Expenses | 31,583.02 | 23,006.00 | 22,667.00 |
| 3.6 | Other Operating Expenses | 15,620.88 | 9,507.00 | 8,486.00 |
| C | **Operating profit Before Provision (B-3.5-3.6)** | **50,061.82** | **37,706.00** | **12,795.00** |
| 3.7 | Provision for Possible Loss | 95,774.84 | 79860.00 | 9,709.00 |
| D | **Operating profit (C-3.7)** | **(45,713.02)** | **-42,154.00** | **3,086.00** |
| 3.8 | Non-Operating Income/Expenses (Net) | - | - | - |
| 3.9 | Write Back of Provision for Possible Loss | 92,839.32 | 79,135.00 | 6,509.00 |
| E | **Profit From Regular Business (D+3.8+3.9)** | **47,126.30** | **36,981.00** | **9,595.00** |
| 3.10 | Extraordinary Income/Expenses (Net) | - | - | - |
| F | **Profit Before Bonus and Taxes (E+3.10)** | **47,126.30** | **36,981.00** | **9,595.00** |
| 3.11 | Provision For Staff Bonus | 4,284.21 | 3,362.00 | 872.00 |
| 3.12 | Provision For Tax | 12,852.63 | 10,086.00 | 2,617.00 |
| G | **Net Profit/Loss (F-3.11 -3.12)** | **29,989.46** | **23,533.00** | **6,106.00** |
| 4 | **Ratios** | | | |
| 4.1 | Capital Fund to RWA | 10.82% | 10.35% | 8.73% |
| 4.2 | Non-Performing Loan (NPL) to Total Loan | 2.71% | 2.01% | 1.57% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 56.30% | 61.83% | 70.97% |
| 4.4 | Cost of Funds | 6.81% | 5.66% | 10.51% |

1. The Unaudited financial figures may change if directed by Statutory Auditor/Supervisory Authorities.
2. Interest Rate: Deposit- Min 4% to Max 10%, Loans and advance - Min 15% to Max 15%

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली,**
**२०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)**

## आ.व. २०७७/७८ को चौथो त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरण :**

(क) **त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण** : आ.व. २०७७/०७८ को चौथो त्रैमासको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यस लघुवित्त वित्तीय संस्थाको सूचना पाटीमा टाँस गर्नुका साथै यसै साथ प्रकाशित गरिएको छ।

(ख) **प्रमुख वित्तीय अनुपातहरु** : आ.व.२०७७/०७८ को चौथो त्रैमासका प्रमूख वित्तीय अनुपातहरुको विवरण देहाय बमोजिम रहेको छ।

| प्रति शेयर आम्दानी | मूल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| रु.४५.९५ | १५.६७ गुणा | रु.१६३ | रु.१६९८.०९ | १८.१५ प्रतिशत |

२. **व्यवस्थापकीय विश्लेषण :**

(क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सोको प्रमुख कारण सम्बन्धी विवरण** : यस लघुवित्त वित्तीय संस्थाले आवश्यक तरलता व्यवस्थापन गरेको छ । अघिल्लो त्रैमासको तुलनामा तरलता मौज्दातमा १६ प्रतिशतले वृद्धि र खुद मुनाफामा अघिल्लो त्रैमासको तुलनामा यस त्रैमासमा २७ प्रतिशतले वृद्धि आएको छ । यस अवधिमा लघुवित्त वित्तीय संस्थाको वित्तीय स्थिति सन्तोषप्रद रहेको छ । साथै यस त्रैमासको खुद मुनाफा रु.२ करोड ९९ लाख ८९ हजार रहेको छ।

(ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण** : यस लघुवित्त वित्तीय संस्था निरन्तर रुपमा गुणस्तरीय लघुवित्त सेवा दिने कार्यमा केन्द्रित रहनेछ । यस लघुवित्त वित्तीय संस्थाले हालसम्म १० जिल्लाका २६ शाखा कार्यालयहरु मार्फत २१,१२७ विपन्न परिवारमा लघुवित्त बैंकिङ सेवा प्रदान गरेकोमा आगामी दिनमा पनि सेवा विस्तारलाई निरन्तरता दिनेछ।

(ग) **विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पर्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण** : लघुवित्त बैंकिङमा देखिएको प्रतिस्पर्धा, बैंक तथा वित्तीय संस्थाबाट लिइने कर्जाको व्याजदरमा उतार चढाव, बढ्दो सञ्चालन लागत तथा कोभिड-१९ माहामारीको वर्तमान अवस्थामा लगानी तथा असुलीमा प्रत्यक्ष असर जस्ता विषयले यस लघुवित्त वित्तीय संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा असर पार्न सक्दछ। तथापी लघुवित्त वित्तीय संस्थाले सम्भावित जोखिम तथा चुनौतीलाई न्यूनीकरण गर्ने तवरले कार्य सम्पादन गर्दै आएको छ।

३. **कानूनी कारबाही सम्बन्धी विवरण :**

(क) **त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाका विरुद्ध कुनै मुद्दा दायर भएको भए** : यस त्रैमासिक अवधिमा यस लघुवित्त वित्तीय संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको छैन।

(ख) **संगठित संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए** : यस लघुवित्त वित्तीय संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको बारे कुनै जानकारी प्राप्त भएको छैन।

(ग) **कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए** : कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको बारे कुनै जानकारी प्राप्त भएको छैन।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :**

(क) **धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा** : यस लघुवित्त वित्तीय संस्थाको शेयर कारोबारका सम्वन्धमा व्यवस्थापनले नियमित रुपमा नेपाल स्टक एक्सचेन्जको कारोवार अवलोकन गरिरहेको छ। शेयरको मूल्यमा तात्विक असर पार्ने कुनै पनि असामान्य घटना घटेको छैन। यस लघुवित्त वित्तीय संस्थाको शेयर नेपाल स्टक एक्सचेन्जको सूचकांङ्कको आधारमा खुल्ला बजारमा सामान्य रुपमा कारोबार भइरहेको पाइन्छ।

(ख) **त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबारको संख्या** : यस नेपाल एग्रो लघुवित्त वित्तीय संस्था ईन्फिनिटी लघुवित्त वित्तीय संस्था सँग प्राप्तिमा जाने सहमति भई विभिन्न चरणका कामहरु सम्पन्न भई सकेको र नेपाल राष्ट्र बैंकबाट समेत मिति २०७८/०४/१५ गते र नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालय कम्पनी रजिष्टारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौबाट समेत मिति २०७८/०४/२२ गते ईन्फिनिटी लघुवित्त वित्तीय संस्थाले नेपाल एग्रो लघुवित्त वित्तीय संस्थालाई गाभ्नेको लागि स्वीकृति प्रदान समेत दिईसकेकोले मिति २०७८/०५/०४ गतेबाट ईन्फिनिटी लघुवित्त वित्तीय संस्थाको नामबाट एकिकृत कारोबार हुने सार्वजनिक सूचना समेत प्रकाशित गरिसकिएकोले निकट भविष्यमा वित्तीय संस्थाको शेयर कारोबार सुचारु हुनेछ।

५. **समस्या तथा चुनौती :**

(क) **समस्या तथा चुनौति** : सीमित वित्तीय श्रोत, लगानीमा दोहोरोपना, ब्याजदर उतारचढाव, दक्ष जनशक्तिको अपर्याप्तता, बढ्दो प्रतिस्पर्धा आदि।

(ख) **रणनीति** : यस लघुवित्त वित्तीय संस्थाले तरलता मौज्दात तथा त्यसको व्यवस्थापनमा ध्यान दिने, ग्राहक सदस्यहरुलाई वित्तीय साक्षरता/सिपमुलक तालिम प्रदान गर्ने, कर्मचारीहरुको क्षमता अभिबृद्धि तालिम गर्ने जस्ता रणनीति अवलम्वन गरेर उल्लेखित समस्या तथा चुनौतिको सामाना गर्ने क्रममा रहेको छ।

६. **संस्थागत सुशासन :**
यस लघुवित्त वित्तीय संस्थाले संस्थागत सुशासन सुदृढ गर्नका लागि संचालक समिति, लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति र व्यवस्थापन सदैव प्रतिबद्ध रहेको छ। नेपाल राष्ट्र बैंकको निर्देशन तथा यस लघुवित्त वित्तीय संस्थाले बनाएका नीति नियमहरु पालना गरिएका छन्। संस्थागत सुशासनलाई अझ बलियो बनाउन लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति तथा सम्पत्ति दायित्व व्यवस्थापन समितिद्वारा अनुगमन गर्ने गरिएको छ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।